अनुसुची १

**प्रस्तावको ढाँचा**

**अन्नपुर्ण गाँउपालिका**

**गाँउ कार्यपालिकको कार्यालय पोखरेबगर म्याग्दी ।**

**विषयः कार्यपालिकामा पेश गर्नु पर्ने प्रस्ताव सम्बन्धमा ।**

**कार्यपालिकाको बैठक बस्ने मितिः २०८१।१०।२४**

विषयको संक्षिप्त व्यहोरा / छलफलका विषयहरुः

प्रस्ताव नं. १. पुर्व निर्णय कार्यन्वयनको समिक्षा

प्रस्ताव नं. २. समपुरक र विशेष अनुदान कार्यन्वयन

प्रंस्ताव नं. ३. विविध

क. सवारी साधनको म्याद थप

ख. वडा नं. ७ कार्यालयको जग्गा प्राप्ति

ग. प्रोफाईल तयारी र सिफारिस सम्बन्धी सफ्टवेयर जडान तथा योजना सफ्टवेयरमा ईस्टिमेशन थप

घ. असिस्टेन्ट सब ईञ्जिनियरको पदपुर्ति

ङ. प्रशासकीय भवनको जग्गा प्राप्ति सम्बन्धी विषय

च. बालमैत्री स्थानीय शासन र पोषणमैत्री स्थानीय शासन सञ्चालन सम्बन्धी कार्यक्रम

छ. रोजगार संवाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधी

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

आज मिति २०८१।१०।२४ गते अन्नपूर्ण गाउँ कार्यपालिकाका अध्यक्ष श्री भारत कुमार पुन ज्युको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको (९८ औ) बैठकको उपस्थिति तपसिल बमोजिम रहेको छ ।

समयः विहान ११ बजे

तपशिल

| हस्ताक्षर | नाम/थर | पद |
|---|---|---|
| | श्री भारत कुमार पुन | अध्यक्ष |
| | श्री दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष |
| | श्री दिलिप कुमार गर्बजा | वडाध्यक्ष |
| | श्री ओम प्रसाद फगामी | वडाध्यक्ष |
| | श्री रमेश पुर्जा | वडाध्यक्ष |
| | श्री लोक बहादुर फगामी | वडाध्यक्ष |
| | श्री राजेश तिलिजा पुन | वडाध्यक्ष |
| | श्री राम बहादुर खड्का | वडाध्यक्ष |
| | श्री मइलन पुर्जा पुन | वडाध्यक्ष |
| | श्री खम बहादुर गर्बुजा पुन | वडाध्यक्ष |
| | श्री देव कुमारी पुन | सदस्य |
| | श्री गेम माया पुन का. सदस्य | सदस्य |
| | श्री आशा गुरुङ | सदस्य |
| | श्री विष्णु कुमारी गर्बुजा | सदस्य |
| | श्री विर बहादुर पौडेल | सदस्य |
| | श्री मिठु वि.क. | सदस्य |
| | श्री राम प्रसाद शर्मा कंडेल | सदस्य सचीव |
| **अन्य उपस्थितिः** | | |
| | श्री नविन भट्ट | कम्प्यूटर अपरेटर |

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तिप्लिङ, म्याग्दी
गण्डकी प्रदेश
स्था. २०७३

**निर्णय नं. १.**-मिति २०८१\०९\२९ गते भएका कार्यपालिकाको निर्णयहरुको कार्यन्वयनको समिक्षा गरियो । कार्यालयबाट सम्पादन हुने र भइरहेका कार्यहरुलाई चुस्त, छिटो छरितो र परिणाममुखि बनाउने विषयमा छलफल गरियो ।

- विशेष गरि विपद्मा परि राहत पाउनुपर्ने व्यक्तिहरुलाई जति सक्दो छिटो राहत दिने व्यवस्था गर्ने ।
- ठेक्कामा सञ्चालन भएका आयोजनाहरुमा ठेकेदार पक्षबाट गुणस्तर कायम भए नभएको सम्बन्धमा एकिन गर्न पुर्वाधार विकास शाखाबाट विशेष पहल गर्ने ।
- आयोजनाहरुको, अनुगमनलाई गुणस्तरीय बनाउने र थप घनिभुत बनाई काममा गुणस्तरता ल्याउन सबै पक्ष क्रियाशील हुने ।
- कार्यालयमा यत्रतत्र रहेका पुराना सामानहरुलाई यथोचित ढंगले व्यवस्थापन गरी सरसफाईमा थप सुधार गर्ने ।

**निर्णय नं. २.**राष्ट्रिय योजना आयोगको मिति २०८१/१०/१६ गते प्रकाशित संघीय समपूरक र विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना अनुसार यस गाउँपालिकाको निमित्त तपसिलका आयोजनाहरु छनौट गरी प्रस्ताव तयार गरी पठाउने

१. समपूरक अनुदानमा सञ्चालन हुने आयोजना वा कार्यक्रमहरु

| क्र.सं. | आयोजना वा कार्यक्रमको नाम | प्राथमिकता क्रम | आयोजनाको कुल लागत (रु हजारमा) | साझेदारी रकम (रु हजारमा) | | कै. |
|---|---|---|---|---|---|---|
| | | | | गाउँपालिकाले व्यहोर्ने रकम | संघीय सरकारले व्यहोर्ने | |
| १ | ७ नं. वडा कार्यालय भवन निर्माण | १ | १५००० | ६००० | ९००० | |
| २ | मुक्तिमार्ग मा.वि. को चारकोठे भवन निर्माण | २ | १०००० | ४००० | ६००० | |
| ३ | भुरुङ्ग तातोपानी — मान्द्रेढुंगा वडा कार्यालय सम्म मोटरबाटो कालोपत्र | ३ | २०००० | ८००० | १२००० | |

रामप्रसाद शर्मा
प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

२. विशेष अनुदानमा सञ्चालन हुने आयोजना वा कार्यक्रमहरु

| क्र.सं. | आयोजना वा कार्यक्रमको नाम | प्राथमिकता क्रम | आयोजनाको कुल लागत (सम्झौता रकम) (रु हजारमा) | आ.व. ०८२\०८३ मा भुक्तानी गर्नुपर्ने रकम (०८२\०८३ मा विशेष अनुदानमा प्राप्त गर्नुपर्ने रकम) | कैफियत |
|---|---|---|---|---|---|
| १ | पाउँद्वार मा.वि.को भवन निर्माण | १ | ३६१८३.२८० | १४००० | आ.व. ०८०\०८१ मा विशेष अनुदानमा ठेक्का सम्झौता भई कार्यन्वयनमा रहेको |
| २ | रुप्से झरनामा पर्यटन पुर्वाधार निर्माण | २ | ३२३५५.३६९ | १४४०० | आ.व. ०८०\०८१ मा विशेष अनुदानमा ठेक्का सम्झौता भई कार्यन्वयनमा रहेको |
| ३ | प्रभा मा.वि. को भवन निर्माण | ३ | ३८४१८.९०७ | १८९०० | आ.व. ०८०\०८१ मा विशेष अनुदानमा ठेक्का सम्झौता भई कार्यन्वयनमा रहेको |

निर्णय नं. ३.– गाउँपालिकामा डिजिटल कार्यप्रणाली अवलम्बन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सेवामा गुणस्तरीयता, प्रभावकारीता, छरितो, चुस्त र पारदर्शी बनाउन तथा सेवा प्रवाहको सम्बन्धमा संस्थागत, सामुदायीक, सामाजिक प्रभावकारीता मापन र एकिन गर्न र लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण (GESI Audit) गर्न देहाय बमोजिमका कार्यहरु गर्न आवश्यक प्रकृया अगाडी बढाउने ।

देहाय

१. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (११) उपदफा (२) को खण्ड (च) बमोजिम स्थानीय तथ्यांक र अभिलेख संकलन संग सम्बन्धीत गाउँपालिकाको एकिकृत तथ्याङ्क संकलन, प्रशोधन, भण्डारण, विश्लेषण र प्रकाशनको कार्यलाई अनलाईन प्रणालीमा व्यवस्थीत गरी

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

गाउँपालिकाको आवधीक तथा वार्षिक योजना तर्जुमा गर्ने लगायतको प्रयोजनको लागि पार्श्वचित्र आवश्यक पर्ने भएकोले चालु आ.व. मा विनियोजित डिजिटल प्रोफाईलनिर्माणको निमित्त रु १५ लाखबाट गाउँपालिकाको डिजिटल बस्तुस्तिथी विवरण (Digital Local Government Profile)निर्माण गर्न आवश्यक प्रकृया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

२. वडाबाट प्रदान गरिने बिभिन्न किसिमका सिफारिसहरुमा एकरुपता ल्याउन, सरल र सहज ढंगले सिफारिस उपलब्ध गराउन, सेवाग्राहीहरुलाई छिटो छरितो सेवा प्रदान गर्न सिफारिस प्रणाली सम्बन्धी सफ्टवेयर जडान गर्न चालु आ.व. मा विनियोजित बजेटबाट खर्च लेख्ने गरी उक्त सफ्टवेयर जडान गर्न आवश्यक प्रकृया अगाडी बढाउने ।

३. हाल गाउँपालिका तथा वडामा सञ्चालित योजना सम्बन्धी सफ्टवेयरको स्तरोन्नती गरी उक्त सफ्टवेयरमा योजनाको लागत अनुमान तयारी तथा मुल्याङ्कन सम्बन्धी विषय थप गर्न कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद तथा बौद्धिक सम्पत्ती खरिद खर्च शीर्षकबाट भुक्तानी हुने गरी आवश्यक प्रकृया अगाडी बढाउने ।

४. गाउँपालिकाले प्रदान गर्दै आएको सेवाको सम्बन्धमा सेवाग्राहीहरुको सन्तुष्टि, सेवाको प्रभावकारिता लगायत मुल्याङ्कन गरी सेवामा गुणस्तरीयता वृद्धि गर्न स्वतन्त्र संस्थाद्वारा सामाजिक परिक्षण र गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण (GESI Audit) गर्न आवश्यक भएकोले चालु आर्थिक वर्षमा विनियोजित सेवा र परामर्श शीर्षकबाट देहाय बमोजिम रकम विनियोजन गरी कार्य प्रकृया अगाडी बढाउने ।

क. लैगिक समानता र सामाजिक समावेशीकरण परिक्षण (GESI Audit)— २००००० 
ख. सामाजिक परिक्षण (Social Audit) - ३००००० 
५. आ.व. २०८२/०८३ देखि लागु हुने गरी गाउँपालिकाको मध्यकालिन खर्च संरचना (MTEF) तर्जुमा गर्नुपर्ने भएकोले स्थानीय तहको योजना तर्जुमा दीग्दर्शनमा उल्लेखित प्रकृयाहरु पुरा गरी निर्माण गर्न आवश्यक सहजीकरण गर्न सेवा र परामर्श शीर्षकबाट भुक्तानी हुने गरी रु ५ लाख ननाघ्ने गरी परामर्श सेवा खरिद गर्न आवश्यक प्रकृया अगाडी बढाउने ।

निर्णय नं. ४— चालु आर्थिक वर्षमा "बालमैत्री स्थानीय तहको प्रारुप अनुसारका सूचक पूर्तिका लागि आवश्यक कार्यक्रम" शीर्षकबाट बालमैत्री स्थानीय शासन कार्यन्वयन कार्ययोजना / लगानी योजना तर्जुमा गर्न कार्यालयमा अतिरिक्त जनशक्ति नरहेको तथा सो सम्बन्धमा विस्तृत अध्ययन, तथ्याङ्क संकलन, सरोकारवालाहरुसंग अन्तर्क्रिया, सुझाव संकलन लगायतको कार्य गर्न बालबालिकाको क्षेत्रमा कार्य गरी अनुभव हासिल भएका संघ, संस्थाहरुद्वारा कार्य गर्ने गरी परामर्श सेवा खरिद गर्न

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

आवश्यक प्रकृया अगाडी बढाउने तथा चालु आर्थिक वर्षमा विनियोजित तपसिल बमोजिमका कार्यक्रमहरुबाट बालमैत्री स्थानीय शासन घोषणा सूचकहरु परिपुर्ति हुने \ नहुने एकिन नभइ सकेकोले लगानी योजना तर्जुमा भइसकेपछि लगानी योजनामा उल्लेखित क्रियाकलापहरुमा खर्च गर्ने गरी आजको मिति सम्म सम्पन्न भएका केही कार्यक्रमहरुको भुक्तानी गरी अन्य कार्यक्रमहरु हाललाईकार्यन्वयन स्थगित गर्ने ।

| क्र.सं. | रातो किताबमा उल्लेखित क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १६२ | ८ वटै वडाका वडा स्तरीय बाल सञ्जाल र पालिका स्तरीय बाल सञ्जाल मार्फत विविध कार्यक्रम र बैठक तथा क्षमता विकास | ६००००० | |
| २ | १६३ | कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुका लागि बाल मैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम | ५००००० | |
| ३ | १६५ | पालिकास्तरमा बालबालिका, किशोरकिशोरी, युवाहरुका लागि लागू पदार्थ दुर्व्यसनी, मनोसामाजिक परामर्श तथा साइबरक्राईम सचेतना कार्यक्रम | ५००००० | |
| ४ | १६६ | बाल बिवाह न्यूनीकरण र विद्यालयहरुमा शारीरिक तथा मानसिक यातना सम्बन्धी प्रत्येक वडामा अभिभावक, विद्यार्थी र शीक्षकहरुका लागि अभिमुखिकरण तथा सचेतना कार्यक्रम | ५००००० | |
| ५ | १४ | बालहित कोष | १००००० | |

**निर्णय नं. ५**— चालु आर्थिक वर्षमा विनियोजित पोषण मैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम शीर्षकको बजेट अन्तर्गत हाल सम्म कार्यक्रम सञ्चालनमा भएको खर्च भुक्तानी गरी पोषण मैत्री स्थानीय शासन कार्यन्वयन कार्यविधी २०८० को दफा (३) बमोजिमको विषयक्षेत्र समेटी दफा (५) बमोजिमको चरणहरु पालना गरी कार्यन्वयन गर्न दफा (६) बमोजिमको निर्देशक समितिको बैठक बसी कार्यक्रम तर्जुमा गरेर मात्र कार्यन्वयन गर्न हाललाई उक्त कार्यक्रम स्थगीत गर्ने ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भरत कुमार पुन
अध्यक्ष

**निर्णय नं. ६**— तपसिल बमोजिमका शीर्षकहरुमा तपसिल बमोजिमका व्यक्ति \ संस्थाहरुलाई तपसिल बमोजिमका कार्यक्रम शीर्षकहरुबाट भुक्तानी दिने ।

तपसिल

| क.सं. | भुक्तानी दिने शीर्षक | भुक्तानी दिने व्यक्ति\संस्थाको नाम | भुक्तानी दिने रकम | भुक्तानी दिनु पर्ने कारण |
|---|---|---|---|---|
| १ | खेलकुद कार्यक्रम | जिल्ला खेलकुद विकास समिति, म्याग्दी | २५००० | राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगितामा सहभागीहरुको दर्ता शुल्क बापत |
| २ | उद्धार, राहत तथा पुनर्स्थापना खर्च | देवि गर्बुजा, वडा नं. ३, दाना | १०००० | गोठमा आगलागी भई क्षति भएको आर्थिक अवस्था कमजोर |
| ३ | उद्धार, राहत तथा पुनर्स्थापना खर्च | मृतक कालु परियार (वडा नं.५ पाउदार) को नजिकको आफन्त वा सवारी चालक | १०००० | घरमा आगोलागि भई मृत्यु भएको कालु परियारको लास पोष्टमार्टमको लागि बेनी लैजादाको गाडी भाडा |
| ४ | सुरक्षित मातृत्व आकस्मिक कोष | निम्न आयस्तर भएका भनी वडाबाट प्रमाणित भएका सुत्केरी महिला | ५००० | स्वीकृत वार्षिक कार्यक्रमको कार्यन्वयनको लागि प्रति सुत्केरी राहत सीमा तोकिएको |

**निर्णय नं. ७** - वडा नं. ७ को वडा कार्यालय भवन निर्माणको लागि हिस्तानमा तपसिल बमोजिमका जग्गादाताहरुले निशुल्क जग्गा उपलब्ध गराउन निवेदन दिनु भएकोले उक्त जग्गा गाउँपालिकाको नाममा प्राप्त गर्न आवश्यक प्रकृया सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिम आवश्यक प्रकृया अगाडी बढाउने ।

तपसिल

| क.सं. | जग्गा धनीको नाम | वडा नं. \सिट नं. | कि.नं. | जग्गाको जम्मा क्षेत्रफल | गाउँपालिकाले निःशुल्क प्राप्त गर्ने जग्गाको क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | भक्तराम पुन | ३\क | १८ | ०-८-०-० | ०-८-०-० |
| २ | चतिमा गर्बुजा पुन | ३\क | १६ | ०-६-०-२ | ०-६-०-२ |
| ३ | लोक बहादुर फगामी पुन | ३\क | २७ | ०-६-१-३ | ०-६-१-३ |
| ४ | लोक बहादुर पुन | ३\क | १७ | ०-३-१-१ | ०-३-१-१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | लोक बहादुर फगामी पुन | ३\क | २७ | ०-६-१-३ | ०-६-१-३ |
| ४ | लोक बहादुर पुन | ३\क | १७ | ०-३-१-१ | ०-३-१-१ |
| ५ | भिममाया गर्बुजा | ३\क | १५ | ०-३-३-३ | ०-३-३-३ |
| ६ | गौमाया गर्बुजा | ३\क | १९ | ०-५-२-० | ०-५-२-० |
| ७ | सुनमति गर्बुजा | ३\क | २८ | ०-४-१-२ | ०-४-१-२ |
| ८ | प्रितम रन्तिजा | ३\क | ३९५ | ०-१२-३-१ | ०-२-०-० |
| ९ | गौरी गर्बुजा | ३\क | २९ | ०-५-०-१ | ०-५-०-१ |
| | | | **जम्मा क्षेत्रफल(रो.आ.पै.दा.)** | ३-७-२-१ | २-१२-३-० |
| | | | **जम्मा क्षेत्रफल (वर्ग मिटर)** | १७६६.६७ | १४२२.८७ |

निर्णय नं. ८— गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगिता कार्यक्रमको लागि हुन गएको खर्च रु ८,२२,८९६।- अनुमोदन गर्ने ।

निर्णय नं. ९— रोजगार सम्वादमञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०८१ स्वीकृत गर्ने ।

निर्णय नं. १०— वडा न.१ दोवा, निवासी श्री पुर्ण पुर्जाको छोरी तथा श्री दुध प्रसाद चौचाङ्गीको पत्नी श्री मनकुमारी चौचाङ्गीलाई क्यान्सर भई नियमित उपचार गर्नुपर्ने र हाल वि.पि. कोईराला मेमोरियल अस्पतालमा उपचार गराईरहेकोले निजलाई मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधी, २०७८ बमोजिम मासिक उपचार खर्चको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गरी पठाउने ।

निर्णय नं. ११— अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८१\०९\२१ गतेको "सुझावहरु पठाईएको" विषयक पत्र र प्राप्त ३१ बुँदे सुझाव सम्बन्धमा छलफल गरियो । उल्लेखित सुझाव कार्यन्वयन गर्न सम्पुर्ण पदाधिकारी\कर्मचारी प्रतिबद्ध हुने निर्णय गरियो ।

निर्णय नं. १२— गाउँपालिकाको वडा नं. १ मा कार्यरत असिस्टेन्ट सब ईञ्जिनियरले राजिनामा दिई सेवाबाट अलग भएकोले उक्त रिक्त स्थानमा लोकसेवा आयोगबाट स्थायी पदपुर्ति नभए सम्मको लागि करार सेवामा पदपुर्ति गर्न आवश्यक प्रकृया अगाडी बढाउने ।

**निर्णय नं. १३**— गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि धिर्च्याङ्गमा जग्गा अधिग्रहणको प्रकृया अगाडी बढाईएकोमा उक्त जग्गा अपर्याप्त हुने देखिएकोले पोखरेबगर बजार क्षेत्रमा प्रशासकीय भवन निर्माणको लागि थप जग्गा प्राप्त गर्न आवश्यक प्रकृया अगाडी बढाउने।

**निर्णय नं. १४.** कार्यालयले भाडामा लिई सञ्चालनमा रहेको सवारी साधनको संम्झौता पौष मसान्तमा सकिएको र गाडी निरन्तर प्रयोगमा रहि रहेकोले म्याद सकिएकै मिति देखि लागूहुने गरी सोही भाडा दरमा नबढ्ने गरी र सम्झौतामा उल्लेखित शर्तहरुलाई नै निरन्तरतां दिई २०८२ असार मसान्त सम्मको लागि सम्झौताको म्याद थप गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. १५.** कार्यालयमा रहेको एम्बुलेन्स सञ्चालन गर्न नसकिने अवस्थामा रहेको र एम्बुलेन्स सञ्चालन नहुदा नागरिकलाई उक्त सेवाबाट बञ्चित हुनु परेकोले चालु आर्थिक वर्षमा नै एम्बुलेन्स खरिद गर्ने गरी गाउँ सभाले विनियोजन गरेको रकमबाट क्याटलक विधीबाट नेपाल सरकारले दिने करछुट सुविधा पाउने गरी एम्बुलेन्स खरिद गर्न आवश्यक प्रकृया अगाडी बढाउने।

**निर्णय न. १६**—मिति २०८१\०९\२८ गते देखि २०८१\१०\०८ गते सम्म म्यागदी महोत्सवमा खेलकुद प्रतियोगितामा सहभागी खेलाडीहरुको लागि खाना\खाजा, आवास, यातायात, ड्रेस लगायतमा चालु आ.व. को स्वीकृत खेलकुद कार्यक्रमबाट भएको खर्च रु २,९२,०३६।— अनुमोदन गर्ने ।

**निर्णय नं. १७**— पोखरेबगर बजार क्षेत्रमा जनघनत्व बढी रहेको, सवारी साधनमा यात्रा गर्ने यात्रुहरुको संख्यामा बृद्धी हुदै गएकोले आधारभुत स्वास्थ्य सेवाको अभाव रहेको कारण उक्त क्षेत्रमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी अ.हे.व. चौथो तहको दरबन्दी श्रृजना गरी आधारभुत स्वास्थ्य सम्बन्धी सेवा प्रदान गर्ने । साथै आयुर्वेद तथा प्राकृतिक चिकित्साको सेवा समेत प्रदान गर्न दाना आयुर्वेद औषधालय दानामा कार्यरत एक जना कविराज (पाचौ) लाई उक्त सेवा दिने गरी खटाउने ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष